# मिल्किङ्ग पार्लर स्थापना तथा संचालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

प्रदेश सरकार, (माननीय मूख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तर)
मिति २०७५/०७/०९ को निर्णयबाट स्वीकृत

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, बिराटनगर

सचिव

# मिल्किङ्ग पार्लर स्थापना तथा संचालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

**प्रदेश सरकार, माननीय मूख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तरबाट स्वीकृती प्राप्त** मिती : २०७५/०७/०९

प्रस्तावनाः

व्यवसायिक रुपमा गाई भैंसी पालन गरी दूध उत्पादन व्यवसाय अपनाउने कृषक उद्यमीको संख्या बढी रहेको देखिन्छ । यस क्षेत्रको समयानुकुल आधुनिकीकरण र यान्त्रिकिकरण हुन नसक्दा उत्पादन लागत घटाउन सकिएको छैन । त्यसैगरी दूध तथा दुग्धजन्य पदार्थको गुणस्तर राष्ट्रिय मापदण्ड अनुरुप कायम गर्नका लागि थप प्रयासको आवश्यकता देखिन्छ । दुग्ध उत्पादन पदार्थको उपभोग गर्न सुनिश्चताको लागि मिल्किङ्ग पार्लर कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र पारदर्शि ढंगले सञ्चालन गर्ने हेतुले प्रदेश नं. १ सरकारबाट यो "**मिल्किङ्ग पार्लर स्थापना तथा संचालन कार्यक्रम कार्यान्वयन कार्यविधि**, २०७५" प्रदेश सरकारले लागू गरिएको छ।

## १) प्रारम्भिक

**क) संक्षिप्त नाम र प्रारम्भ**

१. यो कार्यविधिको नाम **"मिल्किङ्ग पार्लर स्थापना तथा संचालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५"** रहेको छ ।

२. यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ सम्झनु पर्नेछ।

२. **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्नेछ ।

३. **"कार्यविधि"** भन्नाले **"मिल्किङ्ग पार्लर कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५"** सम्झनु पर्नेछ।

४. **"कार्यालय"** भन्नाले पशुपन्छी विकास कार्यक्रम संचालनको अख्तियारी प्राप्त भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु लाई समेत सम्झनु पर्दछ ।

५. **"साझेदार"** भन्नाले लागत सहभागितामा कार्यक्रम कार्यान्वयनका लागि कानूनीरुपमा दर्ता भएका इच्छुक सहकारी, संघ, संस्था, फर्म, कम्पनी र निजी उद्यमीलाई समेत जनाउदछ ।

सचिव

६."द्विपक्षिय/बहुपक्षिय सम्झौता" भन्नाले सम्बन्धित कार्यालय र साझेदारहरुका बिच कार्यक्रम सम्पन्न गर्नको लागि गरिएको सम्झौता पत्र सम्झनु पर्दछ ।

**३) कार्यक्रमको उद्देश्यहरुः**

१. स्वच्छ, स्वच्छ एवं गुणस्तरीय दुग्ध उत्पादनमा सहयोग पुऱ्याउने ।

२. व्यावसायिक कृषकहरुको दूध उत्पादन लागत कम गरी व्यावसायिक दुग्ध उत्पादकहरुको प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्ने ।

३. नमुनाको रुपमा मिल्किङ्ग पार्लरको स्थापना भई प्रविधि प्रसारमा सहयोग पुऱ्याउने।

४. प्रदेश सरकारको मिल्किङ्ग पार्लर स्थापना र संचालन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

## परिच्छेद–२

## कार्यक्रम संचालन प्रकृया

**४. अनुदान प्राप्त गर्न सक्ने निकायहरु (साझेदार निकायहरु)**

(क) सहकारी संघ/संस्था

(ख) फर्म, कम्पनी

(ग) निजी उद्यमी/व्यवसायीक

**५. अनुदान रकम उपलब्ध हुने क्षेत्र** : अनुदान रकम देहायका क्रियाकलापहरुको लागि उपलब्ध गराईनेछ ।

क) मिल्कीङ्ग पार्लर मेशिन खरिद, ढुवानी र जडान

ख) मिल्कीङ्ग पार्लर भवन निर्माण तथा सुधार

**६. कार्यक्रम सञ्चालन हुने जिल्लाहरु** : प्रदेश नं.१ अन्तरगतका झापा, मोरंग र सुनसरी जिल्लाहरु ।

**७. कार्यक्रम सम्बन्धी जिम्मेवारी तथा दायित्व**

क. कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्पुर्ण जिम्मेवारी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको हुने छ ।

ख. साझेदारले कार्यक्रम कार्यान्वयनमा आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धित कार्यालय वा अन्य निकायहरु बाट लिन सकिने छ।

ग. अनुदानग्राहीले कार्यक्रम संचालनको प्रगति प्रतिवेदन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ।

सचिव

८. कार्यक्रम कार्यान्वयन : यो कार्यक्रम देहाय बमोजिम कार्यान्वयन हुनेछ ।

क. सम्बन्धित कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार अनुसूची १ बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

ख. कार्यक्रममा सहभागी हुन चाहने प्रस्तावकहरुले अनुसूची–८ बमोजिमको आवश्यक कागजातहरु सहित तोकिएको निकायमा प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

ग. रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन ।

घ. उपयुक्तताका आधारमा प्राप्त आवेदकहरुको मूल्याङ्कन प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले गर्नेछ ।

९. स्कीम/व्यवसायिक योजना छनौट

क. व्यवसायिक योजनाकोको प्रारम्भिक छनौट, फिल्ड भरिफिकेसन र सिफारिसका लागि तपसिल बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहने छ ।

| | |
|---|---|
| (१) पशुपन्छी विकास महाशाखा प्रमुख | संयोजक |
| (२) बरिष्ठ कृषि विकास अधिकृत योजना महाशाखा | सदस्य |
| (३) कानून अधिकृत प्रतिनिधि | सदस्य |
| (४) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (५) बरिष्ठ अधिकृत/अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (६) पशुपन्छी व्यवसाय प्रबर्द्धन शाखाको अधिकृत | सदस्य-सचिव |

ख. समितिले आवश्यकताका आधारमा बढिमा २ जना सम्बन्धित विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

ग. रितपूर्वक पेश हुन आएका खाम बन्दी प्रस्तावहरुको प्रारम्भिक छनौट अनुसूची–८ बमोजिम माग गरेका आवश्यक कागजातहरु भए नभएको सूची पेश गर्नका लागि प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले सम्बन्धित कर्मचारीलाई जिम्मेवारी तोक्नेछ ।

घ. प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले भेरिफिकेसनका लागि प्राविधिक टोली परिचालन गर्नेछ ।

ङ. प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले आवश्यक ठानेमा सिफारिस पूर्व स्थलगत अनुगमन गर्न सक्नेछ ।

च. प्रारम्भिक फिल्ड भेरिफिकेसनमा खटिएको टोलीले अनुसूची–५ बमोजिमको ढाँचामा फिल्ड भेरिफिकेसन गर्नेछ । फिल्ड भेरिफिकेसन मूल्याङ्कनमा कम्तिमा ४० अंक प्राप्त गरेको प्रस्तावलाई प्राथमिकिरण सहित प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिमा पेश गरिनेछ ।



सचिव

छ. प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले अनुसूची–६ बमोजिम मूल्याङ्कन र प्राथमिकिकरण गरी स्वीकृतिका लागि मन्त्रालयका सचिव समक्ष पेश गर्नेछ ।

१०. सम्झौता :

छनौट भएका प्रस्तावका आवेदक र कार्यालय विच अनुसूची–७ बमोजिमको ढाँचामा दुई पक्ष बीच सम्झौता गरिनेछ।

## परिच्छेद–३

## अनुदान प्राप्त गर्ने शर्तहरु

**११. अनुदानग्राहीले देहाय बमोजिमका शर्तहरु पालना गर्नु पर्नेछ ।**

(क) सूचना प्रकाशन भएको मिति अगावै प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संघ/संस्था, फर्म, कम्पनी र निजी उद्यमी/व्यवासायीकहरु मात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) फार्ममा कम्तिमा ५० (पचास) वटा दुहुना उन्नत जातका दुहुना गाई/भैसी पालन गरेको हुनु पर्नेछ।

(ग) फार्मका सम्पूर्ण पशुहरुको बिमा गरेको हुनु पर्नेछ।

(घ) मिल्किङ्ग पार्लर स्थापना गर्दा उचित स्थानमा गाई प्रवेश गर्ने, दुहुने र वहिगर्मन गर्ने गरी पुर्वाधार निमार्ण गर्नु पर्नेछ।

(ङ) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र यस मातहत निकायहरुबाट ३ वर्ष भित्र अनुदान प्राप्त गरि सकेको प्रस्तावलाई उही व्यवसायको लागि पुनः छनौट गरिने छैन ।

(च) अनुदानग्राहीले अनुदान प्राप्त गरे पश्चात कम्तिमा १० वर्ष अनिवार्य रुपमा व्यवसाय संचालन गरेको हुनु पर्नेछ ।

(छ) अनुदान रकमको दुरुपयोग भएको पाईएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानून बमोजिम कार्वाही गरी सरकारी बाँकी सरह अनुदान रकम असुल उपर गरिने छ।

(ज) सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले सम्झौता वा कार्यक्रम अनुरुप कार्य गरेको नपाइएमा त्यस्ता प्रस्तावलाई मूल्याँकनमा समावेश गरिने छैन ।

(झ) नियमअनुसार सम्वन्धित निकायमा दर्ता भएको, करचुक्ता गरेको र स्थायी लेखा नम्वर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ।

सचिव

(ञ) मिल्किङ्ग पार्लर स्थापना गर्दा लाग्ने लागतको कम्तिमा २५ प्रतिशत लागत साझेदारी गर्ने अनुसूची–४ बमोजिमको लागत साझेदारी गर्ने प्रतिवद्धता जनाएको हुनु पर्नेछ ।

(ट) फार्ममा अनुसूची–१० बमोजिमको असल पशुपालन व्यवस्थापन अभ्यासको मापदण्ड पूर्ण पालना गर्नु पर्नेछ।

(ठ) मिल्कीङ्ग पार्लरको डिजाइन, स्टीमेट र मेशिनहरुको स्पेसिफिकेसन सम्बन्धित कार्यालयमा पेश गरी पूर्व स्वीकृति लिएर मात्र कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(ड) स्पेसिफिकेसन, लागत ईष्टीमेट, नक्साकन गर्ने जिम्मेवारी प्रस्तावकको हुनेछ ।

(ढ) मिल्किङ्ग पार्लरको क्षमता एक पटकमा कम्तिमा ६ वटा पशु दुहुन मिल्ने हुनु पर्नेछ ।

(ण) दूधको अभिलेख नियमित रुपमा पार्लर मानै राख्ने व्यवस्था भएको हुनु पर्नेछ।

(त) पशु पालनमा असल अभ्यास व्यवसथापन कार्यान्वयन गर्नु पर्नेछ ।

(थ) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

(द) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्था नियमित लेखा परीक्षण गरिएको हुनु पर्छ ।

## परिच्छेद - ४

## अनुगमन, मूल्याङ्कन र भुक्तानी

१२. अनुगमन र मूल्याङ्कनः

(क) आवश्यकता अनुसार सम्बन्धित सरोकावालाहरुबाट र भुक्तानी प्रयोजनको लागि सम्बन्धित विज्ञ र प्राविधिक टोलीहरुबाट कार्यक्रमको अनुगमन/मूल्याङ्कन गर्न सकिनेछ ।

(ख) अनुदानको उपयोग प्रगतिको अवस्था र कार्यविधि बमोजिमको शर्तहरु पालन गरेको/नगरेको सम्बन्धमा सम्बन्धित कार्यालयले नियमित अनुगमन गर्नेछ ।

(ग) अनुगमन टोलीले अनुदान उपयोगको सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ । यसरी दिइएको निर्देशन पालन गर्नु सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्ने संस्थाको कर्तव्य हुनेछ ।

(घ) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिङ बोर्ड तयार गरी अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने सार्वजनिक जानकारीको लागि राख्नु पर्नेछ ।

सचिव

१३. भुक्तानी प्रकिया :

(क) कार्यक्रम सम्पन्न भएको आधारमा दुई किस्तामा, अनुदान रकमको भुक्तानी दिईने छ। प्रथम किस्तामा अधिकतम ५० प्रतिशत रकम र कार्य सम्पन्न प्रतिवेदनको आधारमा बाँकि रकम दोश्रो किस्तामा भुक्तानी गरीने छ।

(ख) भुक्तानी हुने रकमको २(दुई) प्रतिशत कन्टिनजेन्सी वापत र नियमानुसारका अन्य कर कट्टा गरि बाँकी उपलब्ध गराईनेछ ।

(ग) यस कार्यविधि अनुरुप स्थापना हुने मिल्किङ्ग पार्लरको भौतिक पूर्वाधारहरुको निर्माण तथा मेशिनरी उपकरण खरिद र जडानको लागि बढिमा ७५% अनुदान र घटिमा २५% लागत (जग्गा बाहेक) प्रस्तावकले ब्यहोर्नु पर्नेछ ।

(घ) प्रथम किस्तामा कार्य सम्पन्न भएको आधारमा स्कीम/व्यवसायिक कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरुको लागत अनुसारको भुक्तानीको लागि माग भए अनुसार संयुक्त अनुगमन टोलीको भएको सिफारिसको आधारमा र दोश्रो किस्ता स्कीम/व्यवसायिक कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरु सम्पन्न भएको भनि संयुक्त अनुगमन टोलीबाट भएको सिफारिसको आधारमा भुक्तानी हुनेछ ।

(ङ) भुक्तानीका लागि आवश्यक विल, भर्पाई र प्राविधिक प्रतिवेदन र सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस सहित कार्यालयमा पेश गर्नु पर्नेछ ।

१४. प्रतिवेदन:

(क) अनुदानग्राहीले भुक्तानी माग गर्दा व्यवसायिक योजना मुताविक सम्पादित कृयाकलापहरु उल्लेख गरी प्रतिवेदन पेश गर्नु पर्नेछ। अन्तिम किस्ता भुक्तानीको लागि सम्बन्धित प्राविधिकबाट जारी भएको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(ख) अनुदानग्राहीले कार्यक्रम सम्पन्न पश्चात सरोकारवालाहरुको उपस्थितिमा सार्वजनिक सुनवाई गरी सोको प्रतिवेदन सहित भुक्तानीको लागि कार्यालयमा पेश गर्नु पर्नेछ ।

सचिव

## परिच्छेद–५
## विविध

**१५. आर्थिक प्रशासन सेवाः**

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कार्यविधि ऐन २०५५, आर्थिक कार्यविधी नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश एवं संघिय सरकारका प्रचलित ऐन, नियम र कानून बमोजिम हुनेछ ।

**१६. कार्वाहीको व्यवस्थाः**

सम्झौता बमोजिम अनुदानलाई सदुपयोग नभएको पाइएमा नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित ऐन नियम तथा कानून बमोजिम कार्वाही हुनेछ।

**१७. प्रचलित कानून लागु हुनेः**

कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएमा सोहि बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ।

**१८. बिमाः** योजनाको सम्भाव्यताको आधारमा बिमा गराउनु पर्नेछ ।

**१९. बाधा अड्काउ फुकाउने (खारेजी एबं संशोधन)** :

(क) कार्यविधि कार्यान्वयनका सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्क निर्णय गर्न सक्नेछ ।

(ख) कार्यविधि कार्यान्वयनमा बाधा अडचन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(ग) कार्यविधिलाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी वा संशोधन गर्न सक्नेछ ।

सचिव

## अनुसूची–१

### मिल्किङ्ग पार्लर स्थापना र संचालन कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५/…/….**

यस मन्त्रालयको आ.व. २०७५/…/…. को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि तोकिए बमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न लागि यस प्रदेशमा रहेका इच्छुक सहकारी संघ/संस्था, फर्म/कम्पनी, निजी उद्यमी/ व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र यस मन्त्रालयमा प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । थप जानकारीका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको फोन नं……………………मा सम्पर्क राख्नु हुन वा मन्त्रालयको वेभसाईड ……………….बाट मिल्किङ्ग पार्लर स्थापना तथा संचालन कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७५ डाउन लोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

**कार्यक्रम विवरण**

| क.सं. | कार्यक्रमको नाम | संख्या | अनुदान रकम रु. | कार्यक्रम लागू हुने जिल्लाहरु |
|---|---|---|---|---|
| | | | | |

सचिव

## अनुसूची –२

## आवेदन

श्री............................

.......................................

विषय : प्रस्ताव पेश गरिएको बारे ।

ताहां कार्यालयको मिति.........................को ................ .................पत्रिकामा प्रकाशित सूचना अनुसार म निवेदकले तपसिल बमोजमको कार्यक्रम लागत साझेदारीमा सञ्चालन गर्न ईच्छुक भई आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेको छु ।

निवेदकको

दस्तखत

मिति :

प्रस्तावकको नाम र थर :

स्थायी ठेगाना :

प्रस्तावित कार्यक्रमको नाम :

कार्यक्रम सन्चालन हुने स्थानको पूरा ठेगाना :

संलग्न कागजातहरुको सूची

| क.सं. | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |

सचिव

## अनुसूची –३
## संक्षिप्त कार्ययोजना

| | |
|---|---|
| १ | प्रस्तावक कृषक/फार्म/सहकारी/संस्थको नामः |
| २ | प्रस्ताव कार्यान्वयन हुने स्थानको ठेगाना : |
| ३ | दर्ता नम्बर : |
| ४ | दर्ता भएको निकाय : |
| ५ | भ्याट/प्यान नम्बर : |
| ६ | फार्म स्थापना मिति : |
| ७ | हाल पालिरहेका दुहुना गाईभैसीहरुको जम्मा संख्या : ........ (क) गाई........ (ख)........ |
| ८ | दैनिक दुध उत्पादन (लिटर): |
| ९ | मिल्कीङ्ग पार्लर स्थापना आवश्यक पर्नुको कारण : |
| १० | प्रस्तावित कार्यक्रमबाट अपेक्षित उपलब्धीहरु : |
| | क) |
| | ख) |
| | ग) |
| | घ) |
| ११ | प्रस्तावित योजना कार्यान्वयन गर्ने स्थानमा विद्यमान भैतिक पूर्वाधारहरु |
| | क) सडक छ/छैन : |
| | ख) कच्ची/पक्की : |
| | ग) विजुली छ/छैन : |
| | घ) पानीको व्यवस्था : |
| | ङ) अन्य पूर्वाधारहरु : |
| १२ | च) कुल अनुमानित रु. : |

माथि उल्लेखित सम्पूर्ण विवरणहरु सहि रुपमा पेश गरेको छु । कहिं कतै झूठो ठहरिएमा कानून बमोजिम सजायको भागिदार बन्न तयार समेत रहेको व्यहोरा अवगत गराउन चाहान्छु/छौं

प्रस्तावकको नाम :
दस्तखत :
ठेगाना :
मिति :

संस्थाको पद :
फर्म/संस्थाको नाम :
संस्थाको छाप :

## अनुसूची–४

## लागत साझेदारी गर्ने प्रतिबद्धता

श्री.................................मन्त्रालय/निर्देशनालय/कार्यालयको मिति ....................को .............मा प्रकाशित सूचना अनुसार .......................महानगरपिका/उपमहानगरपालिक/नगरपालिका/गाउँपालिका......... गाउँ/टोल बस्ने श्री................ले लागत साझेदारीमा........................ कार्यक्रम संचालनका लागि पेश गरेको आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु............... को............प्रतिशतले हुन आउने रु..................... अक्षरेपी ................बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट बेहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

निवेदकको

दस्तखत

नाम :

मिति :

संस्थाको छाप :

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

# अनुसूची –५

## स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम

(क) सामान्य जानकारी

१. जिल्ला :

२. आवेदकको नाम :

३. कार्यक्म संचालन स्थलको ठेगाना :

४. प्रस्तावि कार्यक्रमको नाम :

५. स्थलगत प्रमाणिकरण मिति :

६. स्थलगत प्रमाणिकरणमा संलग्न पदाधिकारीको विवरण

| क.सं. | पदाधिकारीहरुको नाम | पद | सहि |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

(ख) आवेदकको मूल्याङ्कन

| क.सं. | मूल्याकङ्कनका सूचकहरु | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | भौतिक क्षमता | ३० | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको छ/छैन | | |
| १.२ | प्रस्तावित कार्यक्रम संचालन गर्न प्रयाप्त जग्गा छ/छैन | | |
| १.३ | भविष्यमा विस्ताका लागि जग्गा उपब्ध हुन सक्ने संभावना छ/छैन | | |
| १.४ | बाढी पहिरोले क्षति पुऱ्याउन सक्ने सम्भावना छ/छैन | | |
| १.५ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो, पानी, विजुलीको सुविधा छ/छैन | | |
| १.६ | भौगोलिक हिसावले उक्त स्थानमा प्रस्थावित कार्यक्रम संचालन गर्न उपयुक्त छ/छैन | | |
| २ | प्रविधि क्षमता | १५ | |



सचिव

| क्र.सं. | मूल्याकङ्कनका सूचकहरु | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | | |
| २.२ | आवश्यक प्राविधिक सेवाटेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| २.३ | आवेदक सम्बन्धित विषको तालिम/अनुभव प्राप्त छ/छैन | | |
| ३ | वित्तिय क्षमता | १५ | |
| ३.१ | आवेदकले आवश्यक लागत साझेदारी गर्न सक्न अवस्था छ/छैन | | |
| ३.२ | बैंक मौजदात वा संचालित कारोवारको वचत छ/छैन | | |
| ३.३ | आवश्यक रकम वित्तिय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | | |
| ४ | वातावरणीय उपयुक्तता | १० | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यन्वयन गर्दा स्थानिय बासिन्दाबाट विरोध हुन सक्ने अवस्था छ/छैन | | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातावरणमा नकारात्मक असर पुग्न सक्ने अवस्था छ/छैन | | |
| ५ | अन्य पक्षहरु | २० | |
| ५.१ | संस्थागत/व्यवसायिक कृयाशिलता सन्तोषजनक छ/छैन | | |
| ५.२ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | | |
| ५.३ | आवश्यक कच्चा पदार्थ प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| ५.४ | उत्पादित वस्तुको सहज बजारिकरण हुन सक्ने अवस्था छ/छैन | | |
| ६ | स्थलगत टोलीको राय | १० | |
| ६.१ | आवेदक संग लागत साझेदारी गर्नु उपयुक्त छ/छैन | | |
| | जम्मा | १०० | |

नोट : माथि उल्लेखि प्रत्येक बुँदाको स्थलगत प्रमाणिकरणमा सकारात्मक भेटी ५ अङ्क देखि र नकारात्मक अवस्था भेटिए ० अङ्क सम्म प्रदान गर्ने । उतिर्ण हुनको लागि ४० अङ्क प्राप्त गर्नु पर्नेछ । यदि कम्तिमा ४० अंक भन्दा कम प्राप्त गरेमा मूल्याङ्कन समितिमा मूल्याङ्कनको लागि छनौट गरिने छैन ।

सचिव

(ग) आवेदकसंग विद्यमान भवन, सवारी साधन, ठूला मेशिनरी र उपकरणहरुको विवरण

| क.सं. | विवरण | परिमाण | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

(घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने ।

१.

२.

३.

४.

५

(ङ) स्थलगत प्रमाणिकरण टोलको राय

स्थलगत प्रमाणिकरणमा भेटिएका तथ्यहरुको आधारमा आवेदकसंग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त हुन्छ/हुँदैन भनी राय पेश गर्ने ।

| क.सं. | स्थलगत प्रमाणिकरण गर्ने पदाधिकारीको नाम | हुन्छ/हुँदैन | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

सचिव

## अनुसूची–६

## छनौटका लागि मूल्याङ्कनका आधारहरु

| क्र.सं. | छनौटको लागि मूल्याङ्कनका आधारहरु | भार | | | |
|---|---|---|---|---|---|
| | | २० | १५ | १० | ५ |
| १ | दुहुना गाईभैंसीको संख्या | ५० देखि माथि | ४१–५० | ३१–४० | २०–३० |
| २ | दुधको उत्पादन परिमाण (लिटर) | ३५१ भन्दा बढी | २८१–३५० | २११–२८० | १५०–२१० |
| ३ | असल व्यवस्थापन अभ्यास | ++++ | +++ | ++ | + |
| ४ | जैविक सुरक्षाको व्यवस्थापन | ++++ | +++ | ++ | + |
| ५ | टिट डिपिङ्ग | ++++ | +++ | ++ | + |

विराटनगर, नेपाल

सचिव

## अनूसुची–७

## सहकार्यमा मिल्किङ्ग पार्लरको स्थापना तथा सञ्चालन गर्ने सम्बन्धि सम्झौता पत्र

प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पशुपन्छी विकास महाशाखा ......... (यसपछी प्रथम पक्ष भनिने) र...........जिल्ला,...........महानगरपालिका/ उप–महानगरपालिका/ नगरपालिका/गाउपालिका वडा नं. ....मा स्थायी बसेवास भई ................ जिल्ला, ................ महानगरपालिका/उप–महानगरपालिका/नगरपालिका/गाउपालिका वडा नं. .... मा सञ्चालनमा रहेको .......................फार्मका प्रोप्राइटर वर्ष ... का श्री ................................ (यसपछि दोश्रो पक्ष भनिने) बिच सहकार्यमा नमुनाको रुपमा मिल्किङ पार्लरको स्थापना तथा सञ्चालन गर्न तपसिलका शर्तहरु पालना गर्ने गराउनेगरी यो सम्झौता गरिएकोछ ।

### तपसिल

१. दोश्रो पक्षले स्वीकृत योजना अनुसारका मिल्किङ्ग मेशिनरी औजार एवं उपकरणहरुको खरिद, जडान र सञ्चालनको व्यवस्था गर्नु पर्नेछ ।सो कार्यको प्रथम पक्षले स्थलगत अनुगमन गर्ने गराउने छ ।

२. मेशिन उपकरणहरुको सञ्चालन र मर्मत सभार एवं जडान पश्चातका व्यवस्थापन र खर्चका सम्पुर्ण दायित्व दोश्रो पक्षको हुनेछ ।

३. दोश्रोपक्षले जडान भएका मेशिन उपकरणहरु १० वर्षसम्म वेचविखन वा हस्तान्तरण गर्न पाउने छैन । सो अवधि पछी पनि वेचविखन वा हस्तान्तरण गर्ने भएमा प्रथम पक्षको अनुमती लिनुपर्ने छ ।उक्त अनुमती दिने वा नदिने सम्पूर्ण अधिकार प्रथम पक्षमा निहित रहनेछ ।

४. दोश्रो पक्षले तोकिएका मापदण्डहरुको पूर्ण व्यवस्थापन एवं पालना गरी मिल्किङ्ग पार्लर सञ्चालन गर्नुपर्नेछ ।

५. दोश्रो पक्षले यो सम्झौता बमोजिम आंशिक वा पुरै कार्य नगरेमा वा अनुदानको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा सम्झौता तोड्न र प्रदान गरिएको अनुदान रकम सरकारी बाँकी सरह असूल उपर गर्न सक्नेछ ।

६. दोश्रो पक्षले तोकिएको फर्मेटमा पहिलो पक्षलाई मासिक प्रगति विवरण बुझाउनु पर्ने छ ।

७. यसमा लेखिए बाहेकका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुने छ ।



सचिव

८. उल्लेखित शर्तहरु पालना गर्न मञ्जुर छु ।

९. खरिद गर्न चाहेको मिल्कीङ्ग मेशिनको गुणस्तर तथा परिमाण सम्बन्धि ब्रोसर वा डकुमेन्ट पेश गरेको हुनु पर्नेछ ।

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
| --- | --- |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | पद : |
| कार्यालयको छाप : | संस्थाको छाप : |

औठाको छाप : दायाँ बायाँ

ईति सम्बत ............... साल ..............महिना............. गते रोज ............ शुभम्

# अनुसूची–८

## आवेदक साथ संलग्न हुनु पर्ने कागजातहरुः

१. अनुसूची–२ अनुसार आवेदन फारम

२. अनुसूची–३ बमोजिमको संक्षिप्त व्यवसायीक कार्ययोजना

३. नेपाली नागरिकताको प्रतिलिपी

४. आवेदक सम्वन्धित सरकारी निकायमा दर्ता/नविकरण भएको प्रमाणको प्रतिलिपि

५. फार्ममा कम्तिमा ५०(पचास) वटा दुहुना उन्न गाईभैसी पालन गरेको प्रमाण ।

६. फार्मका सम्पूर्ण पशुहरुको विमा गरेको प्रमाण

७. मिल्कीङ्ग पार्लर स्थापनाका लागी उचित स्थानमा गाई प्रवेश गर्ने, दुहुने र वहिगर्मन गर्ने गरी तयार गरिएको पुर्वाधारको डिजाईन र इष्टीमेटको प्रतिलिपि

८. स्थायी लेखा र करचुक्ता गरेको नम्वर प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि

९. मिल्कीङ्ग पार्लर स्थापना गर्दा लाग्ने लागतको कम्तिमा २५ प्रतिशत लागत साझेदारी गर्ने अनुसूची–४ बमोजिमको प्रतिवद्धता ।

१०. फार्ममा जैविक सुरक्षा सम्वन्धि नियमहरु र असल व्यवस्थापन अभ्यासको अनुसूची–९ बमोजिमको प्रतिवद्धता पत्र ।

११. रु. ३००।०० (रु.तिन शय) को राजश्व दाखिला गरेको भौचर ।

सचिव

## अनुसूची–९

## फार्ममा जैविक सुरक्षा सम्बन्धी नियमहरु र असल व्यवस्थापन अभ्यास अनुसरण गर्ने प्रतिबद्धता

श्री..............................मन्त्रालय/निर्देशनालय/कार्यालयको मिति ....................को .............मा प्रकाशित सूचना अनुसार .......................महानगरपिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका......... गाउँ/टोल ठेगाना भएको श्री..........................................................................ले लागत साझेदारीमा.......................................................................... कार्यक्रम संचालनका लागि पेश गरेको प्रस्ताव अनुसार मेरो फार्ममा जैविक सुरक्षा सम्बन्धी नियमहरु र असल व्यवस्थापन अभ्यास अनिवार्य रुपमा अनुसरण गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

निवेदकको

दस्तखत

नाम :

मिति :

संस्थाको छाप :

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं.-१
विराटनगर, नेपाल

## अनुसूची–१०

### असल पशु पालन व्यवस्थापन अभ्यासको मापदण्ड

१. गाई भैंसी पालिएको ठांउको वातावरणः ☐ राम्रो ☐ नराम्रो

२. गोवर तथा मुत्र व्यवस्थापन : ☐ राम्रो ☐ नराम्रो

३. गाईवस्तु पालीएको गोठको सरसफाई : ☐ राम्रो ☐ नराम्रो

४. पानी आपूर्तिको अवस्था : ☐ पर्याप्त ☐ अपर्याप्त

पानीको श्रोत : ………………… पानीको स्वच्छता (वाह्य निरिक्षण) :

५. दुधालु गाई भैंसीको स्वास्थ्य अवस्था : ☐ स्वस्थ ☐ अस्वस्थ

६. अस्वस्थ्य पशुवस्तुको व्यवस्थापनः………………………………

७. भ्याक्सीनेसन गर्ने गरिएको

एफ.एम.डि विरुद्ध : ☐ छ ☐ छैन

एच.एस. तथा बि.क्यू. विरुद्धः ☐ छ ☐ छैन

अन्य रोग विरुद्ध : ☐ छ ☐ छैन

८. थुनेलो रोग रोकथामको व्यवस्था गरिएको : ☐ छ ☐ छैन

९. नियमित रुपमा ड्रेचिङ्ग : ☐ छ ☐ छैन

१०. दुध दुहने व्यक्तिको स्वास्थ्य अवस्था : ☐ स्वस्थ ☐ अस्वस्थ

११. दुध दुहने व्यक्तिको व्यक्तिगत सरसफाईः ☐ राम्रो ☐ नराम्रो

१२. सौचालय प्रयोग पछि सावुन पानीले हात खुट्टा राम्रो संग धुनेः ☐ गरेको ☐ नगरेको

१३. दुध दुहुनु पूर्व गाईभैंसीको सफाई तथा थुन कल्चौडोको सरसफाई : ☐ राम्रो ☐ नराम्रो

१४. दुध दुहुने भांडो : ☐ स्टेनलेस स्टिल ☐ एलमुनियम ☐ अन्य

१५. दूध दुहुने भांडाको सरसफाईः ☐ राम्रोसंग गर्ने गरिएको
☐ झारा टार्ने किसिमले गर्ने गरिएको

१६. दूध ढुवानी गरिने भांडाको सरसफाई : ☐ राम्रो ☐ नराम्रो

१७. दुध दुहिसके पछि चिस्यान केन्द्र /संकलन केन्द्र सम्म पुराईसक्ने समय : ……….घण्टा

१८. एन्टिवायोटिक प्रयोग गरिएका गाईभैंसीवाट उत्पादित दुध विक्री : ☐ गरिन्छ ☐ गरिदैन

**प्रमाणित गर्ने अधिकृत**

नाम : कार्यालय :

पदः दस्तखत :

मिति :

सचिव